नेपाल सरकार
अर्थ मन्त्रालय

## प्रेस विज्ञप्ति

मुलुकको समसामयिक आर्थिक तथा वित्तीय अवस्था एवम् वैंकिङ्ग क्षेत्रमा देखिएका समस्या र यसको समाधान गर्ने उद्धेश्यले माननीय अर्थमन्त्री डा युवराज खतिवडाज्यूको समुपस्थितिमा आज मिति २०७६ फाल्गुण ५ गतेका दिन बैंक तथा बित्तीय संस्थाका पदाधिकारीहरूकाबीच छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

यस कार्यक्रममा वैंकिङ्ग क्षेत्रमा विशेष गरी तरलताको अवस्था, कर्जाको माग, असुली र व्याजदर, सम्पत्ति शुद्धीकरण अनुसन्धान सम्बन्धी पालना गर्नुपर्ने विषयहरू, सामाजिक सुरक्षा कोषमा निजी क्षेत्रको स्वः स्फूर्त सहभागिता अभिवृद्धि, संस्थागत सामाजिक उत्तरदायित्वको दायरा फराकिलो बनाउने विषय, सहुलियतपूर्ण कर्जा वितरणलाई ऋणीको आवश्यकता र माग बमोजिम परिचालन, नेपाल राष्ट्र वैंकको एकीकृत निर्देशनहरुको कार्यान्वयन र KYC (Know Your Customer) को मौजुदा व्यवस्थालाई सरलीकरण गर्ने, हेजिङ्ग सुविधा, मर्जर नीतिको कार्यान्वयन लगायत विषयहरूमा सहभागीहरूले आ-आफ्नो धारणा राख्नु भएको थियो।

उक्त छलफलमा माननीय अर्थमन्त्रीले वैंक तथा वित्तीय संस्थामा रहेका समस्याहरूको तत्काल र दीर्घकालीन समाधानको लागि संयन्त्र विकास गरी समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने र निजी क्षेत्रलाई विश्वासको वातावरण सृजना गरी लगानीमैत्री र व्यवसायिक वातावरणको सुनिश्चित गर्न अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा बैंकर्स एशोसियसनलाई आग्रह गर्नु भयो। आजको छलफलका क्रममा उठेका विषयहरुमा केन्द्रित भई थप सहजीकरण गर्न आवश्यक गृह कार्य गरी कार्यान्वयनको प्रकृयामा लैजान अर्थ मन्त्रालय वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, नेपाल राष्ट्र वैंक र नेपाल वैंकर्स एसोसियसनले यथाशीघ्र छलफल गरी टुंगोमा पुऱ्याउन समेत निर्देशन दिनु भयो।

उक्त कार्यक्रममा अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गाना, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव श्री बिनोद के.सी., नेपाल राष्ट्र वैंकका डेपुटी गभर्नरहरू लगायत अन्य पदाधिकारीहरु, अर्थ मन्त्रालयका पदाधिकारीहरु सहित सवै वाणिज्य वैंक एवं सामाजिक सुरक्षा कोषका प्रमुख कार्यकारी अधिकृतहरूको उपस्थिति रहेको थियो।

(उत्तरकुमार खत्री)
सहसचिव/ प्रवक्ता

फाल्गुण ५, २०७६
अर्थ मन्त्रालय, सिंहदरवार।